## स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १९ मितिः २०७७/०३/१७


## भाग-२

## स्वामीकार्तिक खापर गाउँपालिका

## सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७७

# सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि २०७७

**प्रस्तावनाः-**

विभिन्न कारणले सडकमा आएका बालबालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, सामाजिकीकरण, पारिवारिक पुर्नमिलन, पुर्नस्थापना तथा पुर्नएकीकरणका कार्यक्रमहरू सञ्चालन गरी सडक बालबालिकाको व्यवस्थापन तथा सडकमा बालबालिकाहरू नआउने वातावरण सृजना गर्न सञ्चालन गरिने कार्यक्रमको खर्च गर्ने कार्यविधिको लागि यस स्वामीकार्तिक खापर गाउँपालिकाले " सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि २०७७ " जारी गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१). **संक्षिप्त नाम र प्रारम्भः-**

(क). यो कार्यविधिको नाम " सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि २०७७ " रहेको छ ।

(ख). यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित मितिदेखी लागु हुनेछ ।

२). **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क). " प्रदेश र स्थानीय तहको बाल अधिकार समिति " भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० बमोजिम गठित समिति सम्झनुपर्छ ।

(ख). " मन्त्रालय " भन्नाले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग). " राष्ट्रिय बालअधिकार परिषद् " भन्नाले सम्बन्धि ऐन २०७५ को दफा ५९ बमोजिम गठन हुने परिषद गठन हुने समिति सम्झनुपर्दछ ।

(घ). " विभाग " भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ ।

(ङ). " बाल कल्याण अधिकार " भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६१ बमोजिम नियुक्त हुने वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(च). " स्थानीय तह " भन्नाले स्वामीकार्तिक खापर गाउँपालिका सम्झनुपर्दछ ।

" कार्यक्रम " भन्नाले सडक बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुर्नस्थापना एवं पूर्नएकीकरण सहित सडक बालबालिकाको हितमा कार्य गर्न गराउन सचेतना लगायत बालअधिकारको प्रर्वधन र सडक बालबालिकाको अधिकार तथा भविष्य सुनिश्चित गर्न सरकाकरी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६१ बमोजिम बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६१ बमोजिम गरिने देहायका कार्यक्रम सम्झनुपर्दछ ।

१). सडक बालबालिका पहिचान तथा उद्धार,

२). सम्पर्क गृह,

३). सामाजिकीकरण,

४). पारिवारिक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना र पुर्नएकीकरण,

५). पारिवारिक सहयोग तथा आर्थिक विकास

६). सचेतना अभिवृद्धि तथा रोकथाम

(ख)." सडक बालबालिका " भन्नाले चौविसै घण्टा वा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निवार्हका लागी सडकमा आश्रय लिएका निम्नानुसारका बालबालिका सम्झनुपर्दछ ।

१). अभिभावक वा परिवार विहीन भई सडकमा रहेका,
२). परिवारसँग लामो समयदेखी सम्पर्कमा नरही पूर्णरूपमा सडकमा रहेका,
३). परिवार सँग समय समयमा सम्पर्कमा नरही सडकमा रहेका,
४). परिवारसँगै सडकमा रहेका,
५). विपद्, द्वन्द्व लगायतका कारण वासस्थान छाडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न बाध्य भएका,
६). विभिन्न कारणले परिवारबाट परित्यक्त भइ सडकमा अलपत्र छाडिएका,
७). विशेष परिस्थिति ( पारिवारिक विखण्डन समेत ) को कारण एक्लै वा साथीसँग आश्रय लिएका बालबालिका,

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन र उद्देश्य

### ३). कार्यक्रमको उद्देश्यः-

(१). सडक बालबालिकाको उद्धार, संरक्षण, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना, तथा पुर्नएकीकरण गरी उनीहरूलाई सडक जिवनबाट मुक्त गर्नु ।

(२). बालबालिका सडकमा आउने कारणको पहिचान गरी सोको सम्बोधनद्धारा उनीहरू सडकमा आउने क्रमलाई निरूत्साहन गर्नु ।

(३). सडक बालबालिका व्यवस्थापन कार्य तथा खर्च गर्ने प्रकृयामा एकरूपता कायम गर्नु ।

### ४). कार्यक्रम सञ्चालनः-

प्रदेश तथा स्थानीय तहमा सडक बालबालिका व्यवस्थापन सम्बन्धि कार्य गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(१). प्रत्येक प्रदेशमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले सडक बालबालिकाहरूको उद्धार संरक्षण, लालनपालन, परिवार तथा सामाजिक पुर्नस्थापना, पुर्नमिलन, पुर्नएकीकरण, मनोसामाजिक, परामर्श, सामजिकीरण लगायतको कार्यक्रम सन्चालन गर्ने । उद्धार गरिएका बालबालिकाहरूलाई प्रदेशको समन्वयमा सम्बन्धित स्थानीय तह सामाजिक संघसंस्थाबाट पुर्नस्थापना गर्न सकिनेछ ।

(२). सडक बालबालिकाहरूको विभिन्न सचेतनामूलक सन्देश तथा कार्यक्रम सन्चालन गरी समाजमा वस्ने उपयुक्त वातावरण सृजना गर्दै पुनः सडकमा फर्कनबाट रोक्ने ।

(३). सडक बालबालिकाहरूको स्वास्थ्य तथा औषधी उपचार कार्यको लागी आवश्यक व्यवस्था मिलाउने ।

(४). सडक बालबालिकाहरूलाई औपचारिक तथा अनौपचारिक शिक्षा, सीपमूलक तथा अभिमुखीकरण तालिम मार्फत सक्षम बनाउने कार्यहरू सन्चालन गर्ने ।

(५). बालबालिका सडकमा आउने कारणको पहिचान गरी सोको सम्बोनद्धारा उनीहरू सडकमा आउने क्रमलाई निरूत्साहित गर्ने कार्य अगाडि बढाउने ।

(६). सरोकारवालाहरू ( सरकारी तथा गैरसरकारी संघ संस्था, नागरिक समाज ) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

(७). प्रत्येक प्रदेशको प्रदेश सरकार, सामजिक विकास मन्त्रालय तथा प्रदेशभित्र सञ्चालित सडक बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन गरी सो को प्रतिवेदन महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाउने ।

## परिच्छेद- ३
## खर्च र लेखापरीक्षण

५). **खर्च र लेखापरीक्षणः-**

(क). सडक बालबालिका व्यवस्थापनको लागी विभिन्न स्रोतबाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन बमोजिम आय व्यव विवरणको लेखा राख्ने तथा आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने । सोको प्रतिवेदन महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा समेत पठाउनुपर्नेछ ।

(ख). सडक बालबालिकाको व्यवस्थापनको लागि विनियोजित बजेट प्रचलित आर्थिक प्रशासन सम्बन्धी ऐन, नियमावलीको खर्चको मापदण्ड परिधिभित्र रही खर्च गर्नुपर्नेछ । उक्त रकम खर्च गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन २०७२ तथा यस कार्यविधिकाको परिधिभित्र रही खर्च गर्नुपर्नेछ ।

(ग). विनियोजित बजेट अनुसार कुन कुन क्षेत्रमा के कति रकम खर्च गरियो, सडक बालबालिका व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरू के के रहे, बाबलबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

६). **प्रतिवेदन पेश गर्नेः-**

सम्बन्धित प्रदे वा स्थानीय तहले सडक बालबालिका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरूको प्रगति प्रतिवेदन आय व्यव विवरण, मासिक , त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा तयार गरि स्थानीय तहले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले एकिकृरूपमा अर्धवार्षिक र वार्षिक रूपमा महिला , बालबालिका तथा जेष्ठ नारिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद — ४
## विविध

७). **विविध-**

सडक बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गर्दशन, २०७२ र सडक बालबालिका पहिचान तथा उद्धारका लागी कार्य सञ्चालन पुस्तिका २०७२ लाई समेत आधार मान्नुपर्नेछ ।

**आज्ञाले**

**अमर बहादुर रोकाया**

**नि. प्रमुख प्रशासकीय अधिकृत**